गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
शिक्षा विकास निर्देशनालय
पोखरा, नेपाल

पत्र संख्या – ०८०।८१
चलानी नम्बर - ३५०

☎ ०६१-५५०४६२
मिति - २०८०।१२।०८

*विषयः-* परिपत्र सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,
नवलपुर/तनहुँ/मनाङ/लम्जुङ/गोर्खा/स्याङ्जा/मुस्ताङ/म्याग्दी/बाग्लुङ/पर्वत/कास्की ।

आगामी २०८० चैत्र १५ गते विहान ८:०० बजेदेखि सञ्चालन हुने एस.इ.इ. परीक्षा २०८० लाई स्वच्छ र मर्यादित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने सिलसिलामा राष्ट्रिय परीक्षा बोर्ड नियमावली (पहिलो संसोधन २०७८), परीक्षा नियन्त्रण कार्यालय, (कक्षा १०), भक्तपुरबाट मिति २०७८।१२।२३, च.नं. ३८२ मिति २०८०।१२।०५ र च.नं. ३८५ मिति २०८०।१२।०७ को प्राप्त पत्र एवंम परिपत्र तथा गण्डकी प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको बैठकको निर्णय समेतको आधारमा निम्नानुसार गर्नु गराउनुहुन अनुरोध छ ।

१. एस.इ.इ. परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष नियुक्ति गर्ने सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्ड बने पश्चात परीक्षा सञ्चालन सम्बन्धी नयाँ निर्देशिका बनी नसकेको र तत्कालिन व्यवस्था हालसम्म कायम रहेकोमा तत्कालिन माध्यमिक शिक्षा उतीर्ण (एस.एल.सी.) परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०६८ को दफा १९ बमोजिम केन्द्राध्यक्ष नियुक्ति गर्दा सम्भव भए सम्म परीक्षा केन्द्र रहेकै विद्यालयका प्रधानाध्यापकलाई केन्द्राध्यक्ष नियुक्त गर्नु पर्नेछ भन्ने उल्लेख भएको र कक्षा १२ को परीक्षा सञ्चालन गर्ने सन्दर्भमा उच्च माध्यमिक परीक्षा सञ्चालन व्यवस्थापन सम्बन्धी निर्देशिकाको परिच्छेद ३ (क) १ वमोजिम केन्द्राध्यक्ष तोक्दा जुन संस्था वा विद्यालयमा केन्द्र तोकिएको हो सोही विद्यालय/संस्थाको प्रधानाध्यापक/प्राचार्य लाई केन्द्राध्यक्ष तोक्ने व्यवस्था भएको र यो व्यवस्था विगत देखि कार्यान्वयनमा रहेकोले कक्षा १० र कक्षा १२ को सन्दर्भमा एउटै व्यवस्था कार्यान्वयन गर्ने गरी २०८० चैत्र १५ गते देखि सञ्चालन हुने २०८० को माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) मा समेत एस.इ.इ. केन्द्र रहेको सम्बन्धित विद्यालयको प्र.अ. लाई नै केन्द्राध्यक्ष तोक्ने व्यवस्थाका मिलाउनु हुनेछ । तर होम सेन्टर परेको अवस्थामा अन्य विद्यालयका प्र.अ. वा वरिष्ठ शिक्षकलाई केन्द्राध्यक्ष तोक्ने व्यवस्था मिलाउनु हुनेछ ।
२. केन्द्राध्यक्षहरुलाई माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा सञ्चालन व्यवस्थापन निर्देशिका राम्ररी अध्ययन गरी पालना गर्न अनुरोध गर्ने । नियुक्त केन्द्राध्यक्षहरुलाई परीक्षा समितिको रोहवरमा अभिमुखिकरण गर्ने ।
३. आ-आफ्नो जिल्लाको परीक्षा केन्द्र यथा समयमा सार्वजनिक गरी परीक्षार्थीलाई जानकारी गराउने ।
४. अयोग्य परीक्षार्थी विवरण सम्बन्धित विद्यालयबाट मगाई कन्ट्रोल लिष्टबाट हटाउने ।
५. परीक्षाको पहिलो दिन परीक्षा सुरुहुनु भन्दा एक घण्टा अगावै निरिक्षकहरुलाई अभिमुखिकरण गर्नुको साथै आधा घण्टा अगावै परीक्षार्थीहरुले पालना गर्नुपर्ने नियम (आचारसंहिता) बारे जानकारी गराउने ।
६. परीक्षा सुरु हुनुभन्दा कम्तीमा ४५ मिनेट अगाडि नै सिट प्लानको सूचना कोठाबाहिर टाँस्न लगाउने।
७. एउटा विद्यालयको एक जना भन्दा बढी नपर्ने गरी एउटा बेन्चमा दुई जनासम्म परीक्षार्थी राख्ने व्यवस्था मिलाउने।
८. परीक्षा हलमा इलेक्ट्रोनिक डिभाईस जस्तै मोवाईल फोन, ट्याव आदि लैजान नदिने ।
९. नियमित र ग्रेडवृद्धि परीक्षार्थीहरुको हाजिरी छुट्टाछुट्टै तयार गर्ने र उ.पु. पनि छुट्टाछुट्टै पोका बनाउने। साथै नियमितको पोकामा निलो मसिले र ग्रेडवृद्धिको पोकामा कालो मसिले विवरण भर्ने ।

नि. महानिर्देशक

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
शिक्षा विकास निर्देशनालय
पोखरा, नेपाल

पत्र संख्या – ०८०।८१ ☎ ०६१-५५०४६२

१०. शिक्षा विकास तथा समन्वय इकाइले तयार गरेको प्रयोगात्मक अङ्कको विवरण सम्बन्धित शिक्षा विकास निर्देशनालय मार्फत राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० मा पठाउने व्यवस्था मिलाउने भनि लेखि आएकोले प्रयोगात्मक अंक विवरण यस निर्देशनालयको Email: edd@gandaki.gov.np मा पठाउने व्यवस्था गर्नुहुन । ।

११. आ-आफ्नो पालिका भित्र रहेका परीक्षा केन्द्रहरुको निरीक्षण तथा अनुगमनका लागि अधिकृतस्तरका कर्मचारी खटाईदिन आफ्नो जिल्ला भित्रका पालिकाहरुलाई अनुरोध गर्ने । साथै सामाजिक विकास कार्यालयका प्रमुखहरुलाई समेत परीक्षा अनुगमनमा सम्लग्न गराउने ।

१२. गृह मन्त्रालयद्वारा मिति २०७९।०१।१४ मा जारी विज्ञप्तिलाई मध्यनजर गरी अनुगमनकर्ताहरुबाट परीक्षा निरीक्षण हुँदा परीक्षार्थीहरुको लेखन कार्यमा बाधा नपुऱ्याउने गरी व्यवस्था मिलाउने । साथै परीक्षा निरीक्षणमा खटिएकाहरुले परीक्षा हल भित्रको तस्विर वा भिडियो नलिने र तोकिएका निरीक्षक बाहेक अनुगमनको नाममा ठुलो संख्यामा बाह्य व्यक्तिहरु एकै पटक वा पटक-पटक हलमा प्रवेश गरी परीक्षाको वातावरण अस्वस्थ बनाउन नदिने ।

१३. यस वर्ष परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी शीर्षकमा तोकिएको नर्म्समा कुनै वृद्धि नभएकाले सोही नर्म्स बमोजिम खर्चको व्यवस्थापन गर्ने ।

१४. परीक्षाका प्रश्नपत्र लगायतका सामग्रीहरु जिल्लामा पुगिसकेको हुँदा प्राप्त सामग्रीमा परीक्षा मिति अनुसारको सबै दिनको कपडाको सिलबन्दी थैला भए नभएको एकीन गर्ने । कपडाको थैलो परीक्षा केन्द्रमा मात्र सम्बन्धित पदाधिकारीको रोहवरमा परीक्षा शुरु हुनु भन्दा आधा घण्टा अगाडि मात्र खोल्ने ।

१५. अनिवार्य गणित र अनिवार्य विज्ञान विषयमा दृष्टिविहिनका लागि छुट्टै प्रश्नपत्रको सेट रहेको र जिल्लाबाट प्राप्त भएको दृष्टिविहिन परीक्षार्थी रहेको परीक्षा केन्द्रमानै उक्त प्रश्नपत्रहरुको सेट पठाइको ।

१६. प्राविधिक धार तर्फका सबै विषयहरु (ऐ. गणित समेत) का प्रश्नपत्रहरु छुट्टै थैलामा राखि पठाइएको ।

१७. ग्रेडबृद्धि परीक्षार्थीका लागि अनिवार्य ६ विषयहरु, ऐ. प्रथम गणित र ऐ. प्रथम अर्थशास्त्र विषयमा छुट्टै प्रश्नपत्रको खाम रहेकाले प्रश्नपत्र वितरण गर्नु अगाडि रुजु गरेर मात्र वितरण गर्ने व्यवस्था मिलाउने । पूर्णाङ्क, परिवर्तन नभएका अन्य ऐच्छिक विषयहरुमा नियमित र ग्रेडबृद्धि परीक्षार्थीको लागि एउटै प्रश्नपत्र प्रयोग हुने भएकाले सोही अनुसार केन्द्राध्यहरुलाई जानकारी गराउने ।

१८. ऐच्छिक विषयहरु कार्यालय सञ्चालन र लेखा (कोड नं ३०११), शिक्षा (कोड नं ३०२१), अर्थशास्त्र (कोड नं २०११) र गणित (कोड नं २०२१) मा प्रश्नपत्रहरुको सेट A र B रहेको छ । गण्डकी प्रदेशका लागि सेट A प्रयोग हुने भएकाले सोही सेट मात्र प्रयोग गर्ने । फरक सेट प्रश्नपत्र गएको भए त्यसलाई प्रयोग गर्दै नगर्ने ।

**बोधार्थः-**

श्री राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०,
सानोठिमी, भक्तपुर ।

२०८०।१२।१८

नि. महानिर्देशक